नेपाल सरकार
गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कञ्चनपुर**

## पुराना सवारी साधनहरु तथा जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं.:-०८३/०८४- ०१

प्रथम पटक प्रकाशित मिति २०८३।०७।०९ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा रहेका तपसिल बमोजिमका पुराना सवारी साधन तथा जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | सवारी साधन तथा जिन्सी मालसामानहरुको विवरण | बनेको साल | न्यूनतम मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | TATA DI Double Cap थान:- १ | २००७ | ४५,५००।- | रु.१,०००।- | सवारी साधन नामसारी नहुने |
| २ | पुराना ब्याट्री, अन्य जिन्सी मालसामानहरु | - | ४६,१५४। - | | |
| जम्मा | | | रु.९१,६५४ ।- | | |

१. ईच्छुक बोलपत्रदाताले मिति २०८३।०७।१७ गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु. १०००।- (अक्षरुपी एक हजार मात्र) रकम राष्ट्रिय बाणिज्य बैंकमा रहेको नेपाल सरकारको राजश्व खाता नं.१०००१००२०००१०००० सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरको कार्यालय कोड नं. ३१४०५७६०१ तथा राजश्व शिर्षक नं.१४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाण पत्र वा ईच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी बोलपत्र सम्बन्धि फाराम खरिद गर्न सक्नेछ ।

२. खरिद गरिएको बोलपत्र फाराम मिति २०८३।०७।१८ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। यस कार्यालयमा दर्ता भएका बोलपत्रहरु सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्ने चाहने बोलपत्रदाताले कार्यालय समयभित्र यस कार्यालयको प्रबन्ध शाखामा सम्पर्क राखि हेर्न सकिने छ।

४. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १० (दश) प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड कंञ्चनपुर शाखामा रहेको धरौटी खाता नं. ४१८०१००१०२०३०००० मा नगदै दाखिला गरि सोको सक्कल बैंक भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै राष्ट्रिय बाणिज्य बैंक तथा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

६. अन्य जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५१२७२१४१ मा सम्पर्क गरि आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् । यस सम्बन्धि सुचना सशस्त्र प्रहरी बल नेपालको **Web Site:-** www.apf.gov.np मा समेत हेर्न सकिने छ ।

**(प्रेम प्रकाश सिग्देल)**
**सशस्त्र प्रहरी उपरीक्षक**
**गणपति**